का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १८, अंक १२७
❑ १७ असार २०७७, बुधबार
❑ 1 July 2020, Wednesday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily — राष्ट्रिय दैनिक

| अपडेट: मंगलबार साँझसम्म | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | १३५६४ जना | ३१९४ जना | २२८३४१ | १०३४१ | २९ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ४ लाख | ५७ लाख ०७ हजार | ५ लाख ९ हजार | ४२ लाख ३८ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

## नेकपा बैठक

# प्रधानमन्त्री र अध्यक्ष दुवै छोड्न दवाब

सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटी बैठकको एजेण्डा प्रभावित बनेको छ। मदन भण्डारी फाउण्डेसनको कार्यक्रममा प्रधानमन्त्रीले आफूलाई पदबाट हटाउन भारतीय दूतावास सक्रिय भएको भन्ने अभिव्यक्ति दिए पछि स्थायी कमिटीको एजेण्डा नै प्रभावित बनेको हो ।



"पार्टी बैठकमा भएको कुरा हुबहु दिल्लीका मिडियाहरूमा कसरी आउँछ। यसबाटै नै मलाई हटाउन को-को सक्रिय छन् भन्ने प्रष्टि हुन्छ।"

■ **केपी शर्मा ओली**
प्रधानमन्त्री



**पहिलो दिन:** दुई अध्यक्ष सोफामा



**दोस्रो दिन:** सोफा हटाइयो



**तेस्रो दिन:** सबैको कुर्सी एउटै



**चौथो दिन:** सचिवालय नेता पनि स्थायी कमिटीसँगै



"भारतले होइन, मैले राजीनामा मागेको हुँ । तपाईं राजीनामा दिनुहोस् ।"

■ **पुष्पकमल दाहाल**
अध्यक्ष, नेकपा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ असार ।

सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटी बैठक नियमित एजेण्डाबाट प्रभावित बनेको छ । दुई दिन अगाडि१४ असारमा प्रधानमन्त्री केपी शर्मा ओलीले राजधानीमा आयोजित मदन भण्डारी फाउण्डेसनको कार्यक्रममा आफूलाई हटाउन भारतीय दूतावास सक्रिय भएको र नेपालका नेताहरु लागी परेका बताएका थिए ।

मंगलबारको बैठकमा कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रधानमन्त्रीको अभिव्यक्तिबाट पार्टीकै प्रतिष्ठा गिर्न पुगेकाले यसबारे जवाफ मागेका थिए । "भारतले होइन, मैले बाँकी पृष्ठ २ मा

### एमाले दर्ता गर्न निवेदन

बैठकमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बन्नु अगाडिको तत्कालीन नेकपा एमाले नामक पार्टी दर्ताका लागि निवेदन परेको बारे पनि छलफल भएको छ। अध्यक्ष प्रचण्डले असार १४ गते दल दर्ताको निवेदन परेको बेला प्रधानमन्त्री ओलीसँग जवाफ मागेका थिए ।

बैठक पछाडि प्रवक्ता नारायणकाजी श्रेष्ठले प्रधानमन्त्रीको राजीनामा प्रशंग र एमाले दर्ताको निवेदन परेको बारेमा छलफल भएको बताए। प्रधानमन्त्री केपी शर्मा ओलीले आफूलाई बाँकी पृष्ठ २ मा

# काँग्रेस महाधिवेशन नसर्ने

## कार्यतालिका हेरफेर हुने

**कोभिड महामारीका कारण कार्यतालिका प्रभावित भए पनि निर्धारित मितिमै महाधिवेशन गर्नेगरी नेपाली काँग्रेसले तयारी अगाडि बढाएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ असार ।



कोभिड महामारीका कारण कार्यतालिका प्रभावित भएको नेपाली काँग्रेसको महाधिवेशन निर्धारित मितिमै हुने भएको छ । काँग्रेसले महाधिवेशन प्रभावित भएपनि निर्धारित मितिमै गर्नेगरी तयारी थालेको छ ।

काँग्रेसले पार्टीको १४औं महाधिवेशन आगामी फागुन ७ गते नै गर्ने तर, अधिवेशनका कार्य तालिकामा भने हेरफेर हुने भएको छ । पार्टीको पदाधिकारी र पूर्वपदाधिकारीको आइतबार बसेको बैठकले काँग्रेसको १४औं महाधिवेशन निर्धारित समय आगामी फागुन ७ देखि १० गते नै गर्ने र अन्य अधिवेशनका तालिकामा हेरफेर गर्न सकिने बारेमा छलफल गरेको थियो । सो विषयमा केन्द्रीय समिति बैठकले आवश्यक छलफल गरी निर्णय गर्ने महामन्त्री पूर्णबहादुर खड्काले जानकारी दिए ।

काँग्रेसले गत माघ १३ गतेको केन्द्रीय समिति बैठकबाट पार्टी मातहत निकायका अधिवेशन र १४ औं महाधिवेशन सम्पन्न गर्न कार्यतालिका सार्वजनिक गरेको थियो । सो तालिकाअनुसार २०७६ फागुन देखि २०७६ चैतसम्म पार्टीको प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले नयाँ क्रियाशील सदस्यता वितरण र जिल्ला कार्यसमितिले क्रियाशील सदस्यता नविकरण गर्ने कार्य सम्पन्न गर्ने अवधि तोकेको थियो । तर कोरोनाका कारण क्रियाशील सदस्यता वितरण र नविकरण कार्य स्थगित गर्नुपरेको थियो । काँग्रेसले १४ औं महाधिवेशनका लागि गाउँ/नगर वडा अधिवेशन आगामी कात्तिक १६ गते, गाउँ/नगरपालिका अधिवेशन कात्तिक १८ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन कात्तिक २१ गते र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन कात्तिक २३ गतेका लागि निर्धारण गरेको थियो ।

> **काँग्रेसको १४औं महाधिवेशन निर्धारित समय आगामी फागुन ७ देखि १० गते नै गर्ने र अन्य अधिवेशनका तालिकामा हेरफेर गरिने ।**

यसैगरी एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन कात्तिक २५ गते, प्रदेश अधिवेशन मङ्सिर २९ गते र केन्द्रीय महाधिवेशन आगामी फागुन ७ देखि १० गतेसम्म काठमाडौं गर्ने तालिका सार्वजनिक गरिएको थियो ।

# मलेसियन कामदारले मागे दोब्बर बढी तलव

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ असार

नेपालीसहित अन्य विदेशी कामदारहरुले मासिक एक हजार रिंगिट तलवमा गर्ने जोखिमपूर्ण प्रकृतिको काम गर्न मलेसियन नागरिकहरुले कम्तीमा २ हजार ७ सय तलवको माग गरेका छन्। मलेसियाको मानव संशाधन मन्त्रालयले देशको रोजगारीमा स्थानीय नागरिकहरुलाई अवसर दिने घोषण गरिरहेको बेला मलेसियाका ट्रेड युनियन कँग्रेसले विदेशी कामदारहरुले गर्ने प्रकृतिको जोखिमपूर्ण काम गर्न मलेसियाका प्रमुख शहरहरुमा न्यूनतम तलव २ हजार ७ सय रिंगिट हुनुपर्ने माग गरेको हो ।

मलेसियामा वैधानिक हैसियतमा २० लाख विदेशी कामदारहरु रहेका छन् । ती सबै कामदारहरुले हाल न्यूनतम मासिक १ हजार दुई सय रिंगिट तलव पाइरहेका छन् । मलेसियामा स्वदेशी तथा विदेशी कामदारको न्यूनतम तलव एक हजार दुई सय रिंगिट रहेको छ।

केही दिनअघि त्यहाँका मानव संशाधन मन्त्री एम साराभानन्ले स्वदेशी कामदार हरुलाई रोजगारीमा प्राथमिकता दिने भन्दै यस वर्षको बाँकी अवधिमा विदेशी कामदारको नयाँ भर्ना नखुलाउने बताएका थिए । मलेसियन म्यनफ्याक्चरर्स फेडरेशनले भने यस वर्षको बाँकी अवधिमा विदेशी कामदार भर्ना नगर्ने सरकारको निर्णयले औद्योगिक क्षेत्रको उत्पादनमा असर पर्ने भन्दै पुनर्विचारको माग गरेको छ ।

त्यसप्रति टिप्पणी गर्दै मलेसियन ट्रेड युनियन कँग्रेसका महासचिव जे सोलोमनले कामको प्रकृति अनुसार आकर्षक तलव नभएकै कारण मलेसियन नागरिकहरु स्थानीय रोजगारीमा आकर्षित हुन नसकेको बताए । उनले राम्रो तलव पाएपछि मलेसियन कामदारहरुले छिमेकी सिंगापुर, दक्षिण कोरीया र अष्ट्रेलियामा थ्री डि भनिने फोहरो, खतरानाक र जोखिमपूर्ण काम पनि सहज रुपमा गरिरहेको भन्दै जोहरवारु, पेनाङ र क्वालालम्पुर जस्ता प्रमुख शहरमा राम्रो तलव हुनुपर्नेमा जोड दिए ।

मलेसियामा स्थानीय कामदार हरुका लागि न्यूनज्याला मात्र नभई कार्यस्थल तथा वासस्थानको खराब स्थिति र अस्थिर श्रम नीति पनि अरुची जगाउने प्रमुख कारण भएको महासचिव सोलोमनको भनाइ छ । मलेसियाले थ्री डि भनिने फोहरो, खतरानाक र जोखिमपूर्ण काममा विदेशी कामदाहरुलाई दुई वर्षको छोटो करार अवधिका लागि भर्ना गरेर लगाउने गरेको छ। तर महासचिव जे सोलोमनले यस्ता काममा इपीएफमा आधारित योगदान, सोस्को सुरक्षा, पूर्ण स्वास्थ्य सुरक्षा र वासस्थानको ग्यारेन्टी गरिनुपर्नेमा जोड दिए ।

त्यसैगरी उनले कम्पनीका व्यवस्थापकीय पदहरुमा कार्यरत अधिकारीहरुको अस्वभाविक तलव तथा सुविधाहरुमा कटौती गरी तल्लोस्तरमा कार्यरत कामदार हरुको तलव, सुविधासहित सामाजिक सुरक्षा बढाउनुपर्ने समेत बताएका छन् ।

कोरोना भाइरस संक्रमणपछि मलेसियामा विदेशी कामदारको माग बढेको छ । श्रम बजारमा देखिएको विदेशी कामदारको अभाव पूर्ति गर्न अवैध हैसियतमा रहेका विदेशी कामदारहरुलाई रिहाइरिङ अर्थात पुन: भर्ना गर्नुपर्ने त्यहाँको गृह मन्त्रालयले बताएको छ । अवैध आप्रवासी कामदारहरुलाई रिहाइरिङको माध्यमबाट काममा लगाउँदा बन्दीगृहमा बढेको बन्दीहरुको चाप र श्रम बजारमा रहेको कामदारहरुको अभाव एकैसाथ हट्ने गृह मन्त्रालयको भनाइ छ ।

## वैदेशिक रोजगार विशेष

### नवीकरण सहज बनाइदिन अभिमुखीकरण महासंघको माग

**काठमाडौं/मस–** वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघले सरकारले तोकेको धरौटी नराखी ईजाजतपत्र नवीकरण हुने व्यवस्था गर्न माग गरेको छ । मंगलबार वैदेशिक रोजगार पत्रकार समाजद्वारा आयोजित भर्चुअल कार्यक्रममा महासंघका अध्यक्ष रामराजा गौतमले कोरोना भाइरस संक्रमणपछि सरकारले गरेको लकडाउनका कारण व्यवसाय निरन्तर रुपमा बन्द भएको अवस्थामा थप ४ लाख धरौटी राखेर संस्था नवीकरण गर्न नसक्ने बताए ।

उनले यस वर्ष छुट दिए आगामी आर्थिक वर्षमा नियमावलीमा व्यवस्था भएको थप धरौटी राख्न सक्ने बताए । यस विषयमा महासंघले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई लिखित ध्यानाकर्षण गराएको भन्दै सरकारले समस्यामा परेका व्यवसायीहरुको जायज माग नसुनेर धरौटी राख्नै पर्ने बाध्यकारी अवस्था सिर्जना गरेको गुनासो गरे ।

वैदेशिक रोजगारीमा जाने श्रमिकहरुलाई अभिमुखीकरण तालिम प्रदान गर्न उपत्यकामा ९९ वटा र उपत्यका बाहिर ५१ बाँकी पृष्ठ २ मा


नेपाल आयल निगम

## नेपाल आयल निगम लि. को

## खाना पकाउने एल.पी. ग्याँस प्रयोगकर्ताहरूलाई सुरक्षासम्बन्धी अति आवश्यक सूचना

एल.पी ग्याँस अत्यन्त प्रज्वलनशील पदार्थ भएकोले यसको प्रयोगमा पर्याप्त शतर्कता र सावधानी अपनाउन जरुरी हुन्छ। यसैले खाना पकाउने ग्याँसको चुहावटबाट हुने दुर्घटनाबाट बच्न देहायका कुराहरुमा ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम लि. अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :**

१. एल.पी. ग्याँस सिलिण्डर ल्याउँदा-लैजाँदा नगुडाऊँ, भान्छामा सिलिण्डर सधैं ठाडो राखी प्रयोग गरौं, सुताएर र घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुल्हो जस्ता उपकरणहरु गुणस्तर प्रमाणित भएको मात्र प्रयोग गरौं । साथै हरेक २ (दुई) वर्षमा ग्यासको पाइप फेरौं ।
३. खाना पकाउँदा सधैं झ्याल ढोका खुला राखौं र सुतिको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
४. काम सकिएपछि सधैं रेगुलेटर बन्द गरौं ।

**ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू:**

१. खाना पकाउने स्थानमा एल.पी. ग्याँसको तीखो गन्ध आइरहेको छ भने ग्याँस लिक भइरहेको छ भन्ने बुझ्नुपर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको (Knob) बन्द गरौं ।
२. ग्याँस हावाभन्दा गह्रौं हुने भएकोले भुइँमा बस्छ। यस्तो अवस्थामा ढोका र सबै झ्याल खुला गरौं र आगोको झिल्का निस्कने पदार्थ जस्तै ग्याँस चुल्हो, सलाई, लाइटर, धूप आदि नबालौं र बिजुली बत्ती, टर्चलगायत कुनै पनि विद्युतीय उपकरण नचलाऔं ।
३. ग्याँस लिक भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्भमा 'सेफ्टी क्याप' ढकन लगाएर घर बाहिर खुला ठाउँमा राखौं र छिटोभन्दा छिटो नजिकको ग्याँस विक्रेता वा सम्बन्धित ग्याँस उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो**

**उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेडद्वारा जारी**

# नेपालमा थपिए ३१६ संक्रमित

**नेपालमा मंगलबारसम्म संक्रमितको संख्या १३ हजार ५ सय ६४ पुगेको छ भने डिस्चार्ज हुनेको संख्या ३ हजार १ सय ९४ पुगेको छ।**



*स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकाललाई मंगलबार मन्त्रालयमा स्वास्थ्य सामग्री हस्तान्तरण गर्दै नेपाल रेडक्रस सोसाइटीका पदाधिकारी । तस्बिर : रासस*

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ असार

मंगलबार नेपालमा कोरोना भाइरस (कोभिड–१९) ३ सय १६ जना संक्रमित थपिएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ७१ महिला र २ सय ४५ पुरुष गरी ३ सय १६ जना संक्रमित थपिएका छन्। मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमका अनुसार नेपालमा कोरोना संक्रमितको संख्या मंगलबारसम्म १३ हजार ५ सय ६४ पुगेको छ ।

जसमा महिला १ हजार ६ सय ५७ र पुरुष ११ हजार ९ सय ७ रहेका छन् । मंगलबार सबैभन्दा बढी सुदूरपश्चिममा १ सय २१ जनामा संक्रमण देखिएको छ । त्यहाँ २ हजार ४ सय ५७ जना कुल संक्रमित रहेका छन् । यस्तै प्रदेश नम्बर ५ मा मंगलबार ४७ जना गरी ३ हजार ८ सय ७ जना संक्रमित रहेका छन् ।

प्रदेश नम्बर २ मा मंगलबार ८२ गरी कुल ३ हजार ७ सय ९४, गण्डकी प्रदेशमा मंगलबार २५ सहित मंगलबारसम्म १ हजार १७, कर्णाली प्रदेशमा मंगलबार १३ गरी १ हजार ४ सय ३६ जना संक्रमित रहेका छन् । यस्तै प्रदेश नम्बर १ मा मंगलबार १२ गरी कुल ५ सय ९५ र बागमती प्रदेशमा मंगलबार १६ गरी कुल ४ सय २८ जना संक्रमित रहेका छन् ।

पीसीआर विधिबाट पछिल्लो २४ घण्टामा ४ हजार ७ सय ११ जनाको कोरोना परीक्षण गरिएको छ। अहिलेसम्म पीसीआर विधिबाट २ लाख २८ हजार ३ सय ४१ जनाको परीक्षण भएको छ । यस्तै आरडिटी विधिबाट मंगलबारसम्म २ लाख ९७ हजार ८ सय ७१ जनाको परीक्षण भएको छ ।

अहिले देशभरीका क्वारेन्टिनमा ५३ हजार ७० जना रहेका छन् । देशका विभिन्न अस्पतालमा १० हजार ३ सय ४१ जना आइसोलेसनमा उपचाररत रहेका छन्। मंगलबार ९ महिला र ५१ पुरुष गरी ६० जना डिस्चार्ज भएका छन् । यो सँगै मंगलबारसम्म कोरोना संक्रमण मुक्त भएर डिस्चार्ज हुनेको संख्या २ सय ७७ महिला र २ हजार ९ सय १७ पुरुष गरी ३ हजार १ सय ९४ जना रहेको छ ।

**'९४ प्रतिशत संक्रमित विदेशबाट आएका'**

स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकालले अहिले सम्म संक्रमण देखिएका मध्ये ९४ प्रतिशत विदेशबाट आएका व्यक्तिहरु रहेको बताएका छन् । नेपाल रेडक्रस सोसाइटी र कोकाकोला फाउण्डेसनले सहयोग स्वरुप उपलब्ध गराएका स्वास्थ्य सामग्रीहरु बुझ्दै अहिले समम देशमा संक्रमण भएका १३ हजार संक्रमित मध्ये ९४ प्रतिशत विदेशबाट आएका र ६ प्रतिशत समुदाय स्तरमा संक्रमण फेला परेको बताएका हुन् ।

उनले संक्रमित बढ्दै गएपनि निको हुनेको संख्यासमेत वृद्धि भइरहेकाले अहिले स्थिति नियन्त्रणमै रहेको बताए । मन्त्री ढकालले दैनिक १० हजार पीसीआर परीक्षण गर्ने गरी ल्याबहरुको विस्तार गर्न लागेको समेत जानकारी दिए । अहिले देशभर २२ वटा पीसीआर ल्याबबाट दैनिक ७ हजार ७ सय ९१ परीक्षण सम्भव भएको र अबको केही दिनभित्र देशभर ३३ वटा ल्याब पुर्‍याई दैनिक १० हजार परीक्षण गर्ने तयारी गरिएको बताए ।

उनले रेडक्रस सोसाइटी र कोकाकोला फाउण्डेसनले अप्ठेरो अवस्थामा विरामीको उपचारमा प्रयोग गरिने भेन्टीलेटर सहितका स्वास्थ्य सामग्री उपलब्ध गराउँदा स्वास्थ्य क्षेत्रमा काम गर्ने सबैको मनोबल बढेको बताए ।

नेपाल रेडक्रस सोसाइटी र कोकाकोला फाउण्डेसनले ७ वटा भेन्टीलेटर सहित गगल्स ३ सय थान, सर्जिकल मास्क १ हजार १ सय ५० थान, डिस्पोजेबल कभर ५ सय ५० थान, ग्लोब्स २० हजार थान, बुट ४ सय ५० थान, स्यानिटाइजर २ सय ५० वटा, सोडियम हाइड्रोक्लोराइड ५ लिटरको ४ सय ५० ग्यालेन र साबुन १५ हजार पिस सहयोग स्वरुप उपलब्ध गराएको हो ।

१ करोड ५७ लाख रुपैयाँ बराबरको यी स्वास्थ्य सामग्री दुई चरणमा उपलब्ध गराइने रेडक्रसले जनाएको छ । मंगलबार पहिलो चरणमा केही मास्क, स्यानिटाइजर, साबुन, गगल्स लगायतका सामग्री उपलब्ध गराएको हो । भेन्टीलेटर भने दोस्रो चरणमा उपलब्ध गराउने रेडक्रसले जनाएको छ ।

## कांग्रेसद्धारा ध्यानाकर्षण

**काठमाडौं/मस–** नेपाली कांग्रेसले क्वारेन्टिनको मापदण्ड सुधार गर्दै पीसीआर परीक्षणको दायरा व्यापक बनाउन सरकारको ध्यानाकर्षण गराएको छ। कांग्रेसले गठन गरेको कोरोनापछिको उत्पन्न परिस्थितिको अनुगमन समितिका संयोजक तथा पार्टीका सहमहामन्त्री प्रकाशशरण महतको नेतृत्वमा गएको टोलीले स्वास्थ्यमन्त्री भानुभक्त ढकाललाई भेटेर ध्यानाकर्षण गराएका हुन् ।

क्वारेन्टिन मापदण्ड अनुसार नरहेको, पीसीआर परीक्षणले ब्यापकता पाउन नसकेको, कोरोना बाहेक अन्य स्वास्थ्य समस्या भइका विरामीहरुले सुविधा पाउन नसकेको, खरिद प्रकृया अपारदर्शी भएको र केन्द्रले स्थानीय तहलाई आवश्यक रकम समेत नदिएको विषयमा कांग्रेसले ध्यानाकर्षण गराएको हो ।

भेटमा मन्त्री ढकालले प्रतिदिन १० हजार पीसीआर परीक्षण गर्नेगरि काम अघि बढाएको जानकारी दिएका छन। आगामी अगष्ट ५, ६ सम्म नेपालमा ८० हजार संक्रमित पुग्ने अनुमान गरेर आवश्यक तयारी अघि बढाएको पनि उनले कांग्रेस प्रतिनिधिमण्डललाई गराएका छन् ।

संक्रमण नियन्त्रणका लागि स्थानीय तहलाई पर्याप्त बजेट ब्यवस्था गर्न पनि कांग्रेसले माग गरेको छ । क्वारेन्टिनहरु कोरोना संक्रमण फैल्याउने माध्यम बनिरहेको भन्दै त्यसलाई व्यवस्थित गर्नुपर्ने कांग्रेसको माग छ ।

प्रत्येक स्थानीय तहमा स्वास्थ्यकर्मी सहितको एम्बुलेन्स ब्यवस्था गर्न, स्वास्थ्यकर्मी र प्रयोगशाला प्राविधिक पठाउन, क्वारेन्टिनमा बस्नेलाई स्वस्थकर खाना उपलब्ध गराउन पनि उसले सरकारको ध्यानाकर्षण गराएको छ ।

कोरोना संक्रमण नियन्त्रणका लागि स्वास्थ्य सामाग्री खरिदमा अनियमिता भएको कुरा बाहिर आएकाले सत्यतथ्य बाहिर ल्याउन र छानविन गर्न पनि कांग्रेसले माग गरेको छ ।

# ट्याक्सी व्यवसायी प्रदर्शनमा



**काठमाडौं/मस–** कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि लामो समय लकडाउन हुँदा ट्याक्सी चलाउन नपाउँदा आम्दानीको स्रोत बन्द भएको भन्दै ट्याक्सी व्यवसायीहरु आन्दोलनमा उत्रिएका छन् । ट्याक्सी व्यवसायीहरुले रोगले नभई भोकले मर्ने अवस्था आएको भन्दै ट्याक्सी सञ्चालन गर्न दिन माग गरेको तर सम्बोधन नभएपछि आफुहरु आन्दोलन गर्न बाध्य बनेको व्यवसायीहरुले बताएका छन् ।

अखिल नेपाल यातायात मजदुर संघ बागमती प्रदेशका अध्यक्ष दीपक केसीले सरकारलाई १५ गते सम्म आफ्नो माग सम्बोधन गर्न समय दिइएको तर सरकारले बेवास्ता गरेपछि विरोध स्वरुप ट्याक्सीको चाबी यातायात व्यवस्था विभाग मार्फत सरकारलाई बुझाइएको बताए । उनले ट्याक्सी सन्चालन गर्न नपाउँदा बैंकको किस्ता तिर्न समस्या भएको र बैंकले ट्याक्सी नै लिलाम गर्ने अवस्था आएकाले यातायात व्यवस्था विभाग मार्फत सरकारलाई चाबी बुझाइएको बताए ।

उनले अहिले ट्याक्सी मात्रै बुझाइएको तर सरकारले सम्बोधन नगरे उपत्यकामा भएका सबै ट्याक्सी सिंहदरबारमा लगेर बुझाउने चेतावनी समेत दिए । उनले निजी गाडी सञ्चालन गर्दा कोरोना नलाग्ने तर ट्याक्सी सञ्चालन गर्दा लाग्ने जस्तो गरी सरकारले व्यवहार गरेको बताए। अध्यक्ष केसीले प्रधानमन्त्रीले समेत कोरोना ठूलो रोग नभएको बताइसकेकाले लकडाउन गरेर मजदुरहरुलाई बन्दी बनाउन नहुने बताए । उनले भने, 'प्रधानमन्त्रीले भन्नुभयो यो ठूलो रोग होइन समान्य रुघा खोकी हो हाच्छ्यु गरे निको हुन्छ । तातो पानी र बेसार खाए निको हुन्छ । एकातिर त्यसो भन्ने अर्कोतिर हामीलाई बन्दी बनाइराख्ने ।' व्यवसायीहरुले ट्याक्सी सञ्चालन गर्न नपाउँदा आफ्नो दैनिक जीवन निर्वाहमा समेत समस्या भएको गुनासो गरेका छन् । उनीहरुले सरकारका कारण ट्याक्सी चलाउन नपाउँदा घरमा खाने कुरा सकिएको र रोग, भोक र तनावले मानसिक सन्तुलन गुम्ने स्थितिमा आफुहरु पुगेको बताएका छन् । दिनभर काम गरेर बेलुका खानुपर्ने मान्छेहरुलाई सरकारले बेवास्ता गरेको गुनासो उनीहरुको छ ।

व्यवसायीहरुले व्यवस्थित तरिकाले पछाडिको सिटमा दुई जना मात्र राखेर ट्याक्सी चलाउन पाउनुपर्ने बताएका छन्। उनीहरुले स्यानिटाइनजर र मास्कसहित पछाडि दुई जना राखेर उपत्यकाभित्र ट्याक्सी चलाउन पाउनुपर्ने भन्दै यसअघि नै ज्ञापनपत्र बुझाएको तर सरकारले बेवास्ता गरेकोले आन्दोलन गर्नुपरेको बताए ।

## त्रिविका सेमेष्टर प्रणालीको परीक्षाबारे कार्यदल गठन

**काठमाडौं/मस–** त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले बन्दाबन्दीका कारणले रोकिएका सेमेष्टर प्रणालीअन्तर्गतका परीक्षाका बारेमा निर्णय गर्न कार्यदल गठन गरेको छ । सो प्रणालीका परीक्षालाई के गर्ने भन्ने बारेमा सुझाव दिन त्रिविका शिक्षाध्यक्ष प्रा डा शिवलाल भुसालको संयोजकत्वमा कार्यदल गठन गरिएको हो । त्रिवि परीक्षा नियन्त्रण कार्यालयका (पनिका) परीक्षा नियन्त्रक पुष्पराज जोशीले कार्यदलले दिएको सुझावका आधारमा सेमेष्टर परीक्षाबारे निर्णय गर्ने बताए । 'कार्यदलले दिएको सुझावको आधारमा हामीले परीक्षाका बारेमा निर्णय गर्ने छौँ', उनले भने, 'अहिलेसम्म सेमेष्टर प्रणालीका परीक्षाका बारेमा कुनै निर्णय गरेका छैनौँ ।' कोभिड १९ को कारणले त्रिविको स्नातक तहको दोस्रो, चौथो तथा स्नातकोत्तर तहको दोस्रो र चौथो सेमेष्टरको परीक्षा स्थगित भएको थियो ।

वार्षिक परीक्षा सञ्चालन हुने

उनले वार्षिकअन्तर्गतका परीक्षा भने स्थिति सामान्य भएपछि सञ्चालन गरिने जानकारी दिए । परीक्षाको कार्यतालिका सार्वजनिक गरिसकेकोले बन्दाबन्दी हटेपछि नियमित परीक्षा गरिने बताए । 'अहिले सबै विद्यार्थी घर गएका छन् । बन्दाबन्दी खुलेर यातायात सहज भएपछि विद्यार्थी आउने वातावरण हुन्छ', उनले भने, 'अनि विद्यार्थीलाई केही समय बाँकी राखेर पुनः परीक्षाको कार्यतालिका सार्वजनिक गर्नेछौँ ।' त्रिविले गत चैत ७ गतेदेखि कोभिड-१९ को कारणले सेमेष्टर तथा वार्षिक सबै परीक्षा स्थगित गरेको थियो ।

यसैगरी पनिकाले बन्दाबन्दीको बीचमा १४ वटा तहका परीक्षाफल प्रकाशित गरेको छ । गत वैशाख २० गतेबाट कार्यालय कर्मचारीलाई ल्याएर परीक्षाफल प्रकाशित गरिएको हो ।

**प्रधानमन्त्री...**

राजीनामा मागेको हुँ । तपाइँ राजीनामा दिनुहोस्" प्रचण्डको भनाइ उदृत गर्दै एक नेताले भने । तीन नेताका अनुसार, प्रचण्डको प्रश्नमा ओलीले पार्टी बैठकमा भएको कुरा हुबहु दिल्लीका मिडियाहरुमा आउनुले नै आफूलाई हटाउन को-को सक्रिय छन् भन्ने प्रष्ट भएको बताएका थिए ।

केहीबेर बैठकमा ओली-प्रचण्डको भनाभन नै भएको एक नेताले बताए ।

बैठकमा कोभिड महामारीबारे छलफल हुने कार्यसूची रहेको थियो। तर, मंगलबारको बैठक नियमित कार्यसूचीमै परेनन् । प्रचण्डले छलफलको नयाँ विषय आएको बताएका थिए। बैठकमा प्रधानमन्त्री र अध्यक्ष मध्ये एक पद रोज्न ओलीलाई सुझाव दिदा नेपालको नक्सा जारी गर्ने विषय छलफलमै नभएको बताएका थिए । "वैशाख १७ गतेको सचिवालय बैठकमा प्रधानमन्त्री छोड्नुपर्ने छलफल भएको थियो । त्यसबेला नेपालको नक्साबारे छलफल भएको थिएन", प्रचण्डको भनाइ थियो ।

भारतले नेपालको भूमि लिपुलेक अतिक्रमण गरी वैशाख २६ गते मात्रै चीनको मानसरोवर जोड्ने सडक उद्घाटन गरेको थियो । जबकी प्रधानमन्त्री ओलीको राजीनामा भने दल विभाजन सम्बन्धी अध्यादेश ल्याएपछि उत्कर्षमा पुगेको थियो । वैशाख ८ गते दल विभाजन गर्नेगरी अध्यादेश आएपछि वैशाख १० गते नै स्थायी कमिटी बैठक बोलाउन माग गरिएको थियो भने वैशाख ११ गते भैसेपाटी भेलामा प्रधानमन्त्री र अध्यक्ष मध्ये दुवै पद छोड्नुपर्ने निष्कर्ष ओली इतरका नेताहरुले उठाएका थिए ।

तर, भारतले सीमा मिचेर सडक बनाएपछि भने ओलीको राजीनामाको प्रशंग ओझेलमा परेको थियो ।

**एमाले...**

हटाउन भारतीय दूतावास सक्रिय भएको अभिव्यक्ति दिएका थिए । त्यसबारेमा गम्भीर छलफल भएको प्रवक्ता श्रेष्ठले बताए ।

प्रवक्ता श्रेष्ठका अनुसार, झापाकी सन्ध्या तिवारीले नेकपा एमाले नामक पाटी दर्ता दर्ताका लागि आवेदन दिएकी छन् । प्रधानमन्त्री ओलीले भने आफ्नो दल नेकपा नै भएकाले अर्को दल दर्ताबारे जानकारी नभएको जवाफ दिए । स्थायी कमिटीमा कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल, बरिष्ठ नेता झलनाथ खनाल, बरिष्ठ नेता माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम लगायत १८ नेताले बोलाएका थिए । अर्को बैठक आज ११ बजे बोलाइएको छ ।

**नवीकरण...**

गरी १ सय ५० वटा संस्था रहेका छन्। उनीहरुले असार मसान्तसम्म ४ लाख धरौटी राखेर ईजाजतपत्र नवीकरण गर्नुपर्ने व्यवस्था छ। श्रम मन्त्रालयका प्रवक्ता सुमन घिमिरेले महासंघको मागकाबारे मन्त्रालयमा अध्ययन भइरहेको बताए ।

# जसपाद्धारा सिरहामा प्रदर्शन

**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, १६ असार



नागरिकता विधेयकमा विभेदकारी प्रावधान रहेको आरोपसहित त्यस्ता प्रावधान खारेजीको माग गर्दै जनता समाजवादी पार्टी (जसपा) ले मंगलवार सिरहामा प्रदर्शन गरेको छ । विरोध जुलुसमा प्रदेश २ का आर्थिक मामिला तथा योजना मन्त्री विजय कुमार यादव, उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री सुरेश कुमार मण्डल, केन्द्रीय सदस्य अशेश्वर प्रसाद यादवलगायत सयौं नेता कार्यकताहरु सहभागी थिए ।

सिरहाको थाना चौकस्थित शहीद राजेश ठाकुर पार्कबाट निस्केको जुलुस बजारको विभिन्न भागको परिक्रमा गर्दै पुनः शहीद राजेश ठाकुर पार्कमा पुगेर कोणसभामा परिणत भएको थियो । संसदको राज्य व्यबस्था समितिबाट पारित नागरिकता विधेयकमा राखिएको बैवाहिक अंगीकृत नागरिकता नेपाली पुरुषसँग विवाह गरेकी विदेशी महिलाले ७ वर्षपछि मात्र पाउने प्रावधान खारेज गर्न जसपाले माग गरेको छ । उनीहरूले नागरिकता विधेयकका विभेदकारी प्रावधान हटाउन माग गर्दै कालो ब्यानरसहित प्रदर्शन गरेका छन् ।

# सुरक्षाकर्मीलाई उद्धार सामग्री वितरण

**गौरीशंकर जयसवाल/मध्यान्ह**
परासी, १६ असार



जिल्ला प्रशासन कार्यालय पश्चिम नवलपरासीले जिल्लास्थित सुरक्षा निकायलाई सुरक्षा सामग्री प्रदान गरेको छ । विश्व खाद्य कार्यक्रमको सहयोगमा आएको सुरक्षा सामग्री प्रमुख जिल्ला अधिकारी सागरमणी पाठकले सुरक्षा निकायलाई हस्तान्तरण गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय नवलपरासीका प्रहरी उपरीक्षक अजय के.सी र सशस्त्र प्रहरी बल नेपाल नं २६ गण हे.क्वा बेलाशपुरका सशस्त्र प्रहरी उपरीक्षक भरत खानियालाई एक कार्यक्रमबीच प्र.जि.अ. पाठकले सुरक्षा सामग्री प्रदान गरेका हुन् ।

मनसुन सुरु भइसकेको अवस्थामा पूर्व तयारी लागि सुरक्षा निकायलाई तयारी अवस्थामा रहन तथा बिपतका बेला उद्धार कार्यमा सहजता होस भन्ने उद्देश्यले उक्त सुरक्षा सामग्री प्रदान गरिएको प्र.जि.अ. पाठकले बताए ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक केसीलाई मोटरबोट (डुङ्गा) १ थान ,लाईफ ज्याकेट ४ थान, सर्जलाईट १ थान र थ्रो व्याग ४ थान प्रदान गरिएको प्रशासन कार्यालयले जनाएको छ ।

त्यस्तै सशस्त्र प्रहरी बल नेपाल न २६ गण हे.क्वा बेलाशपुरका सशस्त्र प्रहरी उपरीक्षक खानियालाई मोटरबोट (डुङ्गा) १ थान, लाईफ ज्याकेट ४ थान, सर्जलाईट १ थान र थ्रो व्याग ४ थान प्रदान गरिएको थियो । प्र.जि.अ.पाठकले जिल्लामा सुरक्षा निकायलाई उपलब्ध गराइएको सुरक्षा सामग्रीले उद्धार कार्यमा थप मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

# पर्यटनमन्त्रीको छड्के निरीक्षण



**काठमाडौं/मस–** संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले मंगलबार मन्त्रालयमा छड्के निरीक्षण गरेका छन् । मन्त्रालय मातहतका काम कारवाहीलाई परिणाममुखी बनाउन मन्त्री भट्टराईले मंगलबार मन्त्रालयका विभिन्न महाशाखाको छड्के निरीक्षण गरेका हुन् ।

पर्यटनमन्त्री भट्टराईले यही असार १४ गते मन्त्रालय मातहतका प्रमुखलाई बोलाएर आगामी आवको योजना कार्यक्रमबारे छलफल गर्दै कामलाई नतिजामुखी बनाउन र काम नगर्ने कर्मचारीलाई हटाउने चेतावनी दिएका थिए ।

निरीक्षणको क्रममा केही शाखामा कर्मचारीको अनुपस्थिति रहेको पाइएपछि मन्त्री भट्टराईले कर्मचारी महाशाखाका प्रमुख रुद्रसिंह तामाङलाई कर्मचारी के कारणले उपस्थित हुन नसकेको हो, सो बुझी कर्मचारी नियमितरुपमा कार्यालय समयमा उपस्थिति हुने व्यवस्था मिलाउन निर्देशन दिएका छन् । मन्त्री भट्टराईले कार्यालयको सरसफाइ र कार्यालयको लेआउटमा ध्यान दिनसमेत कर्मचारीलाई आग्रह गरे ।

नेपाल सरकारको मन्त्री परिषद्को निर्णयबमोजिम कार्यालय दुई सिफ्टमा सञ्चालन गर्न आवश्यक तयारी गर्नका लागि पनि मन्त्री भट्टराईले विभिन्न शाखाका प्रमुखलाई निर्देशन दिएका छन् । निरीक्षणपछि मन्त्री भट्टराईले पर्यटन मन्त्रालय मातहतमा रहेका सबै कार्यालयको क्रमैसँग निरीक्षण गर्ने बताए ।

# 'क्वारेन्टिन व्यवस्थापनमा स्थानीय तहको भूमिका असाधरण'

**काठमाडौं/मस–** संघीय मामिला तथा समान्य प्रशासन मन्त्री हृदयेश त्रिपाठीले कोरोना रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहले असाधारण भूमिका निर्वाह गरेको बताएका छन्। संघीय संसद राष्ट्रिय सभा अन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय समितिको मंगलबारको बैठकमा उपस्थित भएका मन्त्री त्रिपाठीले क्वारेन्टाइन व्यवस्थापनमा स्थानीय तहले असाधारण प्रकृतिको काम गरेको बताएका छन्। स्थानीय तहलाई संविधानले दिएको असाधारण प्रकृतिको अधिकार कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि प्रयोग भएको बताए । उनले भारतीय सीमासँग जोडिएका स्थानीय तहको भूमिका अझ बढी देखिएको बताए। सबैभन्दा पहिला सिमामा रहेका स्थानीय तहमा मानिसहरु आउने भएकाले उनीहरुले गरेको व्यवस्थापन कोरोना रोकथाम तथा नियन्त्रणका लागि सबैभन्दा महत्वपूर्ण भएको मन्त्री त्रिपाठीले बताए। स्थानीय तहले बनाएका क्वारेन्टाइनको व्यवस्थापनाका लागि सरकारले पठाउने बजेट मन्त्रालयमार्फत नभई सिधै कोरोना कोषबाट निकासा भएको उनले जानकारी दिए । उनले क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको संख्या र दिन हेरेर बजेट पठाइएको बताए ।

कोभिड १९ क्राइसिस म्यानेजमेन्ट सेन्टर (सीसीएमसी) को बैठकले क्वारेन्टाइनको व्यवस्थापनको जिम्मा प्रदेश सरकारलाई दिएको र प्रदेश सरकारले स्थानीय तहसँग समन्वय गरेर काम भइरहेको बताए ।


मिक्लाजुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रबि, पाँचथर

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशन मिति : २०७७/०३/१७**

यस कार्यालयको मिति २०७७/०२/३१ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार सिलबन्दी दरभाउपत्र आह्वान बमोजिम पेश हुन आएका दरभाउपत्रहरु मूल्याङ्कन समितिबाट मूल्याङ्कन हुँदा देहायमा उल्लेखित दरभाउपत्रदाताको दरभाउपत्रदाता न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही ठहर भई स्वीकृतिको लागि सिफारिस भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सूचना कार्यालयको www.miklajungmunpanchthar.gov.np मा समेत राखिएको छ ।

**तपसिल :**

| ठेक्का नं. | कामको विवरण | न्यूनतम मूल्याङ्कित र सारभूतरुपमा प्रभावग्राही दरभाउपत्रदाता | कबोल अंक (मू.अ.कर सहित) | कै. |
|---|---|---|---|---|
| MRM/MC/SQ/G/11-076/077 | Supply and Delivery of C.G.I. Sheet | श्री न्यु मंगलदीप हार्डवेयर एण्ड विजुली भण्डार, झापा | रु. 11,15,848.76 | |

**प्रमुख प्रशासकीय अधिकृत**

# क्रिकेट संघले बल्ल पायो पूर्णता

**मध्यान्ह संवादाता**
काठमाडौं, १६ असार

नेपाल क्रिकेट संघ क्यानले बल्ल पूर्णता पाएको छ । गत असोज ११ मा भएको निर्वाचनबाट कार्यसमिति चयन भएपनि विधान अनुसार राष्ट्रिय खेलकुद परिषद् राखेपले पठाउने २ जना सदस्यहरुको पुर्ति मंगलबार मात्रै भएको हो ।

राखेपले २ जना प्रतिनिधिको रुपमा छुम्बी लामा र धर्मराज गिरीलाई पठाएको छ । राखेपको पत्र पाएपछि लामाले लामोसमय देखि क्रिकेटमा लागेको मुल्यांकन परिषद्ले गरेको बताए । उनले क्रिकेट विकासमा आफ्नो समय खर्च हुने र क्रिकेटलाई राम्रो गर्नेमा ध्यान दिने बताए । बोर्डको सदस्य भएपछि क्रिकेटमा प्रायोजक, घरेलु क्रिकेटको बिकासमा आफूले जानेका कुरालाई बोर्डमा राख्ने र काममा सहयोग गर्ने बताए ।

पूर्व सदस्यसचिव युवराज लामाको पालामा क्यानको अध्यक्ष बनेका टंक आङबुहाङको पालामा क्यानमा प्रवेश गरेका छुम्बी लामा संघ निलम्बन हुदा पनि सक्रिय भएर काम गरेका थिए । क्यानमा भावना घिमिरे प्रमुख कार्यकारी अधिकृत हुदा उनी चिफ अपरेटिङ अफिसर भएर काम गरेका थिए ।

उनले मुलपानीको माथिल्लो मैदान निर्माणका लागि खेलाडी तथा प्रशिक्षकलाई समावेश गरेर एक समय खेल्न योग्य बनाउने गरि काम पनि गरेका थिए । तर बजेट अभावका कारण त्यो काम रोकिएको थियो । पछिल्लो पटक उनी पोखरा प्रिमियर लिगको प्रबन्ध निर्देशकका रुपमा छन् ।

धर्मराज लुम्बिनीबाट क्रिकेट खेलेका र मदनमण्डारी स्पोर्टस फाउन्डेसनको क्रिकेट विभागका उपाध्यक्ष हुन् ।

यसैबीच, नेपाल क्रिकेट सङ्घ (क्यान) ले आफ्ना चार समिति विस्तार गरेको छ । क्यानले यसअघि नै बनाइएका प्रतियोगिता, प्राविधिक, आर्थिक र सञ्चार समितिलाई पूर्णता दिएको हो ।

प्रशान्तविक्रम मल्ल संयोजक रहेको प्रतियोगिता समितिमा दाउद अन्सारी, ऋषिराम गौतम, विक्रम विष्ट र कैलाश विष्टलाई सदस्य बनाइएको नेपाल क्रिकेट सङ्घका अध्यक्ष चतुरबहादुर चन्दले जानकारी दिनुभयो । यस्तै सञ्जयराज सिंह संयोजक रहेको प्राविधिक समितिमा वीरेन्द्रबहादुर चन्द, अमितवीर पाण्डे, अरुणकुमार अर्याल र सञ्जय गुरुङलाई सदस्यमा मनोनयन गरिएको छ ।

यसैगरी रोशनकुमार सिंहको संयोजकत्वमा आर्थिक समिति बनाइएको छ । उक्त समितिका सदस्यमा माधव कर्माचार्य र दुर्गाराज पाठक छन् । सञ्चार समितिको संयोजकमा अशोकनाथ प्याकुरेल तथा सदस्यमा भानुभक्त सिग्देललाई सदस्यका रूपमा चयन गरिएको छ । अध्यक्षमा चन्द निर्वाचित भएपछि क्यानको पहिलो बोर्ड बैठकले चार समिति गठन गरेको थियो ।

# बोइङ ७३७ म्याक्सको उडान परीक्षण शुरु




**सानफ्रान्सिस्को, सिन्हृवा–** अमेरिकी सङ्घीय उड्डयन प्रशासन (एफएए)ले बोइङ ७३७ म्याक्स शृङ्खलाका बिमानहरु पुनः उडानका लागि परीक्षण गर्न सोमबार अनुमति दिएको छ । एकपछि अर्को बिमान दुर्घटनाग्रस्त हुन थालेपछि एफएएले म्याक्स शृङ्खलाका बिमान उडाउन प्रतिबन्ध लगाएको थियो ।

एफएएद्वारा जारी वक्तव्यमा बोइङ ७३७ म्याक्स बिमान सोमबार सियाटलको बोइङ फिल्डबाट पहिलो चरणको परीक्षणका लागि उडान भरेको उल्लेख छ । सङ्घीय प्रशासन र बोइङ कम्पनीबीच बिमानको स्वचालित फ्लाइट कन्ट्रोल सिस्टम परीक्षण गर्न यस साता परीक्षण उडानहरु गर्न सहमति भएको थियो ।

अधिकारीका अनुसार सङ्घीय प्रशासनले तोकेका कार्यविधि पूरा भए नभएको बारेमा जाँच गर्न परीक्षण उडानको अनुमति दिइएको हो । तर यी उडानको सफलतापछि पनि तत्कालै बिमानलाई आमजनताको सेवाका लागि प्रयोगमा ल्याइने छैन । अरु केही प्राविधिक परीक्षण पनि गर्नुपर्ने एफएएको भनाई छ । एफएएले सम्पूर्ण प्राविधिक जाँच सम्पन्न भएर सन्तोषजनक नतिजा प्राप्त भएपछि मात्र उडान अनुमति दिइने जनाएको छ ।

बोइङको ७३७ म्याक्स जेट गत वर्ष मार्चदेखि नै विश्वभर उडान प्रतिबन्धित छन् र जहाज विमानस्थलमा थन्किएका छन् । एक वर्षभित्रै दुई वटा बिमान दुर्घटना भएपछि विश्वका विभिन्न देशले यो जहाजको उडानमा प्रतिबन्ध लगाएका थिए । अनुसन्धाताले बिमानको फ्लाइट कन्ट्रोल सफ्टवेयरमा समस्या आएका कारण बिमान दुर्घटना हुने गरेको अनुमान गरेका छन् ।

# लाखौँ सिरियाली भोकमरी सङ्कटमा पर्न लागे



**दमासकस, एएनआई–** लाखौ जना सिरियाली नागरिक भोकमरीको सङ्कटमा पर्न लागेको विभिन्न अन्तरराष्ट्रिय संस्थाले जनाएका छन् । गएको करिब एक दशकदेखि गृह युद्धमा फसेको सिरियामा लाखौँ नागरिक खाद्य सङ्कट झेल्नु परिरहेको भन्दै आगामी केही समयमै उनीहरु भोकमरीको सङ्कटमा पर्न लागेको जानकारी दिएका छन् । नर्वेजियन शरणार्थी परिषद्, अक्सफाम र केयरलगायतका विश्वका गैरसरकारी संस्थाले सिरियामा कम्तीमा पनि ९० लाख शरणार्थीहरु भोकमरीको समस्यामा पर्न लागेका जनाएका छन् ।

उनीहरुले यस्तो सङ्कट निकै नजिकै आइरहेको भन्दै यसका लागि आवश्यक सहयोग गर्न दाता राष्ट्रका साथै अरु पनि आवश्यक सङ्घसंस्थालाई आग्रह गरेका छन् ।

पश्चिमा शक्ति राष्ट्रले द्वन्द्वग्रस्त सिरियामा मानवीय सहायताका सामग्री तत्काल पठाउन संयुक्त राष्ट्रसङ्घलाई यसअघि नै आग्रह गरेका थिए । सिरियन सरकार अन्तरराष्ट्रिय दाताबाट प्राप्त सामग्रीको व्यवस्थित वितरण गर्न असक्षम रहेको भन्दै बेलायत, फ्रान्स र अमेरिकाले हवाई मार्गबाट भएपनि त्यहाँका केही स्थानमा सहायता सामग्री पुऱ्याउन विगतदेखि नै राष्ट्रसङ्घलाई आग्रह गरेका हुन् ।

केही महिना मात्र अघि पनि सिरियामा कार्यरत इन्टरनेशनल सिरिया सहयोग समूहले समस्याग्रस्त क्षेत्रमा खाद्यान्नलगायतका सहायता सामग्री नपुऱ्याए गम्भीर मानवीय सङ्कट आउन सक्ने बताएको थियो । सिरियाका विद्रोही समूहको नियन्त्रणमा रहेका त्यहाँका दरायालगायतका क्षेत्रमा विगतदेखि नै निकै थोरै मात्रामा सहायता सामग्री वितरण गरिएको र त्यसमा खाद्यान्नसमेत नभएको अन्तरराष्ट्रिय सञ्चारमाध्यमले जनाएका थिए । ती स्थानमा सरकारले हवाई मार्गबाट सामान पठाउने बारेमा पनि पटकपटक राष्ट्रसङ्घको सुरक्षा परिषद्मा विगतदेखि नै छलफल हुने गरेको थियो । अहिले पछिल्लो समयमा आएर पनि खाद्यान्नको अभावका कारण सिरियाका कैयौँ क्षेत्रमा भोकमरीको फैलिएको छ । अबका केही सममयै भोकमरीको अवस्था कम्तीमा पनि ९३ लाख सिरियाली नागरिकसम्म पुग्नसक्ने बताइएको हो ।

द्वन्द्वग्रस्त सिरियाका ५० लाखभन्दा बढी मानिसले कष्टकर जीवन विताइरहेको राष्ट्रसङ्घले जनाएको छ । तीमध्ये विभिन्न समुहद्धारा नियन्त्रित क्षेत्रमा बसोबास गर्ने १० लाखभन्दा बढीको अवस्था झन् नाजुक बन्दै गएको पनि पाइएको छ ।

हाल सिरियामा कोरोना भाइरसका कारण उत्पन्न सङ्कटका कारण पनि खाद्य सामग्री अभाव भएको हो । कैयौँ सिरियालीलाई तत्कालै दाता समूह, संयुक्त राष्ट्रसङ्घ आदिले खाद्यान्न प्रदान गर्ने काममा राम्रोसँग नहेर्ने हो भने यसले यहाँका लाखौंलाख नागरिकलाई समस्यामा पार्ने निश्चित देखिएको ती दाताले जनाएका छन् ।

# साफ च्याम्पियनसिप अर्को वर्ष



**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ असार

बङ्गलादेशमा हुने भनिएको १३औं संस्करणको दक्षिण एसियाली फुटबल महासङ्घ च्याम्पियनसिप (साफ) प्रतियोगिता अर्को वर्ष हुने भएको छ । कोरोना भाइरसका कारण साफ च्याम्पियनसिप एक वर्ष सारिएको हो ।

साफको सोमबार बसेको बैठकले साफ च्याम्पियनसिप सन् २०२१ मा गर्ने निर्णय गरेको हो । यसअघि साफ च्याम्पियनसिप यही वर्ष सेप्टेम्बरमा गर्ने तय भएको थियो । बङ्गलादेशले लगातार दोस्रो पटक साफ आयोजना गर्ने जिम्मेवारी पाएको हो । बाह्रौं साफ सन् २०१८ मा बङ्गलादेशको ढाकामा आयोजना गरिएको थियो । बाह्रौं साफको उपाधि माल्दिभ्सले जितेको थियो । सो प्रतियोगितामा नेपाल सेमिफाइनलसम्म पुगेको थियो । यसैगरी महिला र पुरुषतर्फ साफ यु-१५ च्याम्पियनसिप र साफ यु-१८ वुमन्स च्याम्पियनसिपबारे साफको अर्को बैठकले टुङ्गो लगाउने बताइएको छ ।

# फुटबलर कार्की बढुवा



नेपाली राष्ट्रिय फुटबलर जर्ज प्रिन्स कार्की नेपाली सेनाको सह सेनानी पदमा बढुवा भएका छन् । २०७२ सालमा सेनामा आबद्ध भएका कार्कीलाई सोमबार दर्ज्यानी चिन्ह प्रदान गरिएको हो । घरेलु फुटबलमा २०६९ सालबाट खेलिरहेका जर्ज पछिल्लो पटक आर्मीबाट खेलिरहेका थिए । उनले राष्ट्रिय टिममा पनि आफुलाई राख्न सफल भएका थिए । २५ बर्षे कार्की गत मंसिरमा आर्मीको सेकेन्ड लेफ्टिनेन्टमा पास आउट भएका थिए ।

पढाइमा निकै राम्रो मानिएका कार्कीले भारतबाट पनि आर्मीको प्रशिक्षण गरेका थिए । यसका साथै उनले त्यहि बेला भारतमा फुटबलको प्रशिक्षणको मौका पनि पाएका थिए । उनले नेपालबाट विश्वकप छनोट अन्तर्गत ताजिकिस्तानविरुद्धको खेलमा डेब्यु गरेका थिए । आर्मीको तालिमका कारण पछिल्लो पटक उनी राष्ट्रिय टिमको क्याम्पमा सहभागी थिएनन् । तर, उनले ए डिभिजन लिग भने खेलेका थिए ।

# भारतमा टिकटकमाथि प्रतिबन्ध




**नयाँदिल्ली, एएफपी–**चीन र भारतबीच सीमाक्षेत्रमा समस्या उत्पन्न भएसँगै लोकप्रिय एप्स टिकटकमाथि भारत सरकारले प्रतिबन्ध लगाएको छ । टिकटकले भने भारतीय टिकटक प्रयोगकर्ताका निजी गोपनीय तथ्याँक चीन सरकारलाई उपलब्ध गराएको भन्ने आरोप अस्वीकार गरेको छ ।

भारतका टिकटक प्रमुख निखिल गान्धीले एक विज्ञप्ति प्रकाशन गरी टिकटकले भारतीय कानुन बमोजिम प्रयोगकर्ताका सबै तथ्याङ्क विवरणलाई सुरक्षित राखेको बताएका छन् । उनले टिकटकका प्रयोगकर्ताका कुनै पनि विवरणलाई चीन सरकार समेतका कुनै विदेशी सरकारलाई नदिइएको स्पष्ट गरे ।

गान्धीले भविष्यमा समेत कुनै सरकारले प्रयोगकर्ताका विवरणका लागि अनुरोध भएमा पनि नदिइने बताउँदै टिकटकले प्रयोगकर्ताको गोपनीयतालाई सर्वाधिक महत्व दिइरहेको स्पष्ट गरे । उनले भारत सरकारले आफूलाई गोप्यताका विषयमा छलफल गर्न आमन्त्रण गरेको पनि जानकारी दिए ।

टिकटक चीनको बाइट-डान्स कम्पनीले निर्माण गरेको हो । प्रधानमन्त्री नरेन्द्र मोदीको भारत सरकारले सोमबार अबेर ५९ वटा चिनियाँ मोबाइल एप्समाथि एकैसाथ प्रतिबन्ध लगाएको थियो जसमा टिकटक पनि समावेश छ । एक अनुमानअनुसार भारतमा टिकटकका करिब एक करोड २० लाख प्रयोगकर्ता छन् । टिकटकका चीन बाहेक सबैभन्दा बढी ग्राहक भारतमा रहेका छन् ।

भारतीय सूचना प्रविधि मन्त्रालयले चिनियाँ एप्सका कारण भारतको सार्वभौमिकता र अखण्डता, भारतको सुरक्षा, राज्यहरुको सुरक्षा एवम् सार्वजनिक जीवनमा चुनौती उत्पन्न भएको जनाएको छ । चीन र भारतीय फौजबीच लद्दाखमा गत जुन १५ मा भएको झडपमा २० जना भारतीय सैनिकको मृत्यु भएपछि दुबै देशबीच तनाबको स्थिति छ । यस क्षेत्रमा अहिले अतिरिक्त सुरक्षाफौज, लडाकू बिमान र अन्य उपकरण तैनाथ गर्नेक्रम जारी छ ।

यसैबीच, भारतमा चिनियाँ सामानको बिक्री तथा चीनबाट सामान आयातमा समस्या उत्पन्न हुन थालेको छ । गत साता, नयाँदिल्लीको एउटा प्रमुख होटल संघले आफ्ना सदस्य होटलहरुले चिनियाँ पर्यटकलाई आश्रय नदिने तथा चीन निर्मित सामान पनि प्रयोग नगर्ने घोषणा गरेको थियो । भारतमा चिनियाँ इलेक्ट्रोनिक्स वस्तुका उत्पादनहरुको पनि बाक्लो उपस्थिति रहेको छ । चिनियाँ मोबाइल साओमी र ओप्पोले भारतको झण्डै ६५ प्रतिशत हिस्सा ओगटेको अनुमान छ ।


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्री **इजी ओभरसिज प्रा.लि.** (ई.प्र.नं. १२६१)ले आफ्नो रजिष्टर्ड कार्यालयको साविकको ठेगाना **काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ४** बाट परिवर्तन गरी **काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३ मा** राख्नको लागि माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता तथा नवीकरण शाखामा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
प्रथम पटक प्रकाशित मिति २०७७/०३/१७

यस कम्पनीको मिति २०७६/१०/११ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **साहारा फिजियोथेरापी अस्पताल एण्ड ट्रेनिङ्ग सेनटर प्रा.लि. (प्रा.लि.नं. १४२९५७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०१/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **साहारा फिजियोथेरापी हस्पिटल ट्रेनिङ्ग सेन्टर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६३/०७/१७ मा दर्ता भएको **प्रा.लि. नं. ४२१६९** को **परिस्कृत फर्मा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७६/०९/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०२/२२ मा दर्ता भएको **प्रा.लि. नं. १६९२१५** को **सर्भिस सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०३/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल वायुसेवा

**प्रतिबद्धता**

नेपाल वायुसेवा निगम आफ्नो निरन्तर सेवाको ६२ वर्ष पुरा गरी आज ६३ औं वर्षमा प्रवेश गरेको छ । यस अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

नेपालको अर्थतन्त्रमा पर्यटन क्षेत्रको उल्लेखनीय योगदान रहँदै आएको छ भने भविष्यमा पनि यसले निरन्तरता पाउने कुरामा निगम विश्वस्त रहेको छ । पर्यटन क्षेत्रकै एउटा प्रमुख आधार बन्दै आएको नेपाल वायुसेवा निगम यसपल्ट विश्वमै फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट प्रभावित भएको छ । यस्तो अवस्थामा पनि निगमले विदेशमा अलपत्र परेका नेपाली नागरिकहरुलाई स्वदेश फिर्ता गर्न तथा नेपालमा रहेका विदेशी नागरिकलाई उनीहरुको देशमा पुऱ्याउन हवाई उडान संचालन गरेको छ । नेपालको हवाई उड्डयनको इतिहासमा पहिलो पटक अस्ट्रेलिया उडान गरेको छ । निगमले यात्रुहरुको परिवहन सँगै स्वास्थ्यसँग सम्वन्धित उपकरण र वस्तुहरुको आपूर्तिमा पनि आफ्नो दायित्व निर्वाह गर्दै आएको छ ।

निगमले आफ्नो इतिहासकालमा विभिन्न आरोह अवरोह पार गर्दै आएको छ तापनि अहिलेको जस्तो असाधारण अवस्थाको अनुभूति गर्नु परेको थिएन । अन्तर्राष्ट्रिय उडानहरुमा क्रमशः उपलब्धि हासिल गर्दै सफलता तर्फ गति बढाइरहेको अवस्थामा हालको अवस्थाले शिथिलता आएको छ , तर केही समय पछि कोरोना प्रकोपबाट विश्व बाहिरिन सक्ने विश्वासका साथ वर्तमान चुनौतीलाई अवसरको रुपमा बदल्ने तर्फ निगमको प्रयास परिलक्षित रहनेछ । उडानहरु नियमित हुन थालेसँगै निगम उच्च व्यवस्थापन र यसका दक्ष अनुभवी जनशक्तिको सामुहिक प्रयासमा अग्रगति दिन सफल हुने विश्वास लिएका छौं ।

भविष्य उज्यालो छ भन्ने आशावादी अवधारणा राख्दै नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन व्यवसायी र यात्रुहरुबाट विगतमा प्राप्त सहयोग भविष्यमा पनि निरन्तर प्राप्त भइरहने विश्वास राख्दै सवैमा हार्दिक आभार व्यक्त गर्दछौं र आफ्नो सेवालाई नियमित एवं विश्वसनीय बनाउँदै सक्रिय रहने प्रतिवद्धता व्यक्त गर्दछौं ।

नेपाल वायुसेवा
**नेपाल वायुसेवा निगम**
पो.ब.नं. ४०१, काठमाडौं, नेपाल फोन :४२२०७५७,
फ्याक्स : ४२२५३४८, E-mailgeneral@nac.com.np
Web.: www.royalnepal-airlines.com

# नेप्सेमा पोजेटीभ सर्किट ब्रेकसँगै कारोबार बन्द

## कसले कति कमाए ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ असार




कोरोनाका कारण लामो समय बन्द भएर सोमबारदेखि खुलेको धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्सेमा उछाल देखिएपछि नेपाल स्टक एक्सचेञ्जले मंगलबारका लागि कारोवार स्थगन गरेको छ । गत चैत ११ गते देशव्यापी रुपमा लकडाउन गरिएपछि बन्द भएको बजार झण्डै सय दिनपछि सोमबार खुलेको थियो । त्यसअघि गत वैशाखको दोस्रो साता समेत बजार दुई दिनका लागि खुला गरिएको थियो। लगातार ओरालो लागेपछि बजार पुनः बन्द गरियो । यही असार १४ गते आइतबार बसेको नेपाल धितोपत्र बोर्डको सञ्चालक समितिको बैठकले सोमबारदेखि बजार खोल्ने निर्णय गऱ्यो । स्टकका अनुसार सोमबार बजार दोहोरो अङ्कले आरोलो लागेर बन्द भएको थियो। बिहान ११ बजे खुलेको बजारमा उच्च अंकको वृद्धि भएपछि स्टकले तीन पटक सर्किट ब्रेक लगायो र मंगलबारका लागि कारोबार स्थगन भएको जनाएको छ। स्टकका अनुसार कूल ७२.०५ बिन्दुले बजार उकालो लागेको छ। प्रतिशतका आधारमा ६.०६ ले नेप्से बढोत्तरी भएको छ। नेप्सेमा देखिएको उच्च सुधारसँगै बजार एक हजार २६०.७५ मा पुगेको छ । कोरोना कहरपछि बजारमा उच्च बिन्दुले सुधार भएको हो । यस्तै सेन्सेटिभ परिसूचक समेत १५.६३ विन्दु अर्थात ६.१० प्रतिशतले बढेको छ । कूल १३४ कम्पनीको चार लाख ८९ हजार ५३७ कित्ता शेयर रु २२ करोड ७२ लाख १२ हजार १९४ ले कारोबार भयो । स्टकले नेप्से पाँच प्रतिशत बढीले वृद्धि भएका कारण मंगलबारको कारोबार स्थगन भएको जनाएको छ । कारोवार शुरु भएको करिब एक घण्टाको अवधिमा नै बजारमा पहिलो सर्किट लागेको थियो। पहिलो सर्किट लाग्दा बजार चार प्रतिशतले बढेको थियो। दोस्रो पटक बजारमा पाँच प्रतिशतको बढोत्तरी भयो र बजार पुनः बन्द भयो । तेस्रो पटक छ प्रतिशतले नेप्से बढेपनि कारोबार मंगलबारका लागि बन्द भयो । स्टकका अनुसार मंगलबार कारोवार भएका कूल १२ उपसमूह मध्ये दुई उपसमूहको शेयर ओरालो लाग्दा १० उपसमूहको भने बढेको छ । होटल ४७.८४ र सामूहिक लगानी कोष ०.०३ ले घटेको छ । यस्तै बैंकिङ ७३.७२, व्यापार ६५.७३, विकास बैंक ६५.६६, जलविद्युत् ३९.७७, वित्त ४.९७, निर्जीवन बीमा २९६.१५, उत्पादन १२२.१७, अन्य २३.९७, लघुवित्त ७७.७ र जीवन बीमा ६३४.९८ बिन्दुले बढेको छ। कारोवारका आधारमा मंगलबार हिमालयन डिस्टिलरी शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको रु तीन करोड ६४ लाख ३८ हजार ६० बराबरको कारोबार भयो । यस्तै, नेपाल लाइफ इन्स्योरेन्स कम्पनी रु तीन करोड ५२ लाख २३ हजार ७९०, साना किसान विकास बैंक रु एक करोड ६७ लाख ७१ हजार ६९८, शिवम सिमेन्ट रु एक करोड २६ लाख ३० हजार ८०७, नेपाल पुर्नबीमा कम्पनी रु ७० लाख १६ हजार ५९०, एनएमबी बैंक रु ६३ लाख ४३ हजार ६९७ र नबिल बैंक रु ६२ लाख दुइ हजार ५८८ बराबरको कारोबार भई शीर्ष स्थानमा रहे । नेप्सेका अनुसार मंगलबार नागरिक लगानी कोष, एशियन लाइफ इन्स्योरेन्स, सूर्या लाइफ इन्स्योरेन्स, नेपाल लाइफ इन्स्योरेन्स, नेशनल लाइफ इन्स्योरेन्स, शिवम् सिमेन्टका लगानीकर्ताले समान १० प्रतिशतले कमाए । साल्ट ट्रेडिङ कर्पोरेशन ९.९८, विजय लघुवित्त वित्तीय संस्था ९.९८, हिमालयन डिस्टिलरी ९.९६ र साना किसान विकास बैंकका लगानीकर्ताले ९.९६ प्रतिशतले कमाए । त्यस्तै, नेपाल पुर्नबीमा कम्पनी ९.९४, ओरियन्टल होटल ९.७३, सानिमा इक्विटी फण्ड ३.८९, वेस्ट फाइनान्स कम्पनी २.२७, एनआइबिएल समृद्धि फण्ड एक १.९९ र नेपाल सेवा लघुवित्त वित्तीय संस्थाका शेयधरनीले १.९७ प्रतिशतले कमाएका छन्। बजारमा देखिएको उच्च वृद्धिले कोरोना पछि थला परेको अर्थतन्त्रलाई क्रमशः माथि लैजान बल पुग्ने टिप्पणी बजारमा गरिएको छ ।

# सेती नदी जलविद्युत् आयोजनाले पायो विद्युत् उतपादन अनुमतिपत्र



**काठमाडौं/मस**–सरकारले सेती नदी जलविद्युत् आयोजनालाई विद्युत् उत्पादन अनुमतिपत्र प्रदान गरेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय मातहतको विद्युत् विकास विभागले सो आयोजनालाई सोमबार विद्युत् उत्पादन अनुमतिपत्र दिएको हो। भिजन लुम्बिनी ऊर्जा विकास कम्पनी लिमिटेडले कास्कीमा निर्माण शुरु गरेको २५ मेगावाट क्षमताको आयोजनाको निर्माण शुरु गरेको छ । यही असार ८ गते आयोजनाको कामलाई थप प्रभावकारी बनाउन र गुणस्तरमा ध्यान दिन हाइड्रो कन्सल्टलाई परामर्शदाताको रुपमा नियुक्त गरिएको थियो । भिजन लुम्बिनी ऊर्जा विकास कम्पनी लिमिटेडका कार्यकारी अध्यक्ष जगतबहादुर पोखरेलले आयोजनाका लागि अर्को महत्वपूर्ण निर्णय भएको जानकारी दिए । कास्कीको माछापुच्छ्रे गाउँपालिका-२ सार्दिखोलाको भराभरीमा निर्माण गर्न लागिएको सो आयोजनाको निर्माण कार्य गत वैशाख २२ गतेदेखि शुरु भएको हो । कूल रु पाँच अर्ब लगानीमा निर्माण गरिने आयोजनाको शुरुआतमा सिभिल निर्माणतर्फको सेटलिङ बेसिन (पानी थिग्राउने पोखरी) खन्ने काम भइरहेको छ । आगामी २७ महिना भित्रमा आयोजना सम्पन्न गर्ने लक्ष्यअनुसार कोरोना सङ्क्रमणको त्रासका बीचमा समेत आवश्यक सुरक्षाका उपाय अवलम्बन गरेर काम शुरु गरिएको छ । भराभरीमा आयोजनाको बाँध निर्माण गरी छ हजार ४०० मिटर लामो भूमिगत पाइप बिछ्याएर पोखरा महानगरपालिका-१९ सँग सीमा जोडिएको चिन्ते बगरमा निर्माण गरिने विद्युत् गृहमा १८७ मिटर उचाइबाट पानी खसालिनेछ। आयोजनाबाट उत्पादित विद्युत् चार किमी दूरीमा रहेको गाउँपालिकाको वडा नं ४ लाहाचोकमा निर्माणाधीन सवस्टेशनमा जडान गरी राष्ट्रिय प्रसारण लाइनमा जोडिनेछ । आयोजनाको सिभिल वर्कको जिम्मा रसुवा लुना जेभीले पाएको थियो । रु एक अर्ब २० करोड लागतमा २७ महिनाभित्रमा सम्पन्न गर्ने गरी गत माघमा भौतिक निर्माणको जिम्मा रसुवाले पाएको हो । सिभिल वर्कको कामसँगै आयोजनाको हाइड्रोमेकानिक, इलेक्ट्रोमेकानिकल्स र ट्रान्समिसन (प्रशासरण लाइन) को काम अघि बढाउन निर्माण व्यवसायी छनोटका लागि बोलपत्र आह्वान भइसकेको छ। आयोजनाको कूल लागतमध्ये ७० प्रतिशत विभिन्न बैंक, वित्तीय संस्था तथा निजी क्षेत्रबाट जुटाइनेछ भने बाँकी रकम स्वपूँजीका रुपमा लगानी हुनेछ । आयोजनाले उत्पादन गरेको विद्युत् वर्षायाममा छ महिना चार रुपैयाँ ८० पैसा र हिउँदयाममा आठ रुपैयाँ ४० पैसा प्रतियुनिटमा विद्युत् प्राधिकरणले खरिद गर्ने सम्झौता यसअघि नै भइसकेको छ ।

# ठाँडी भन्सारमा राजश्व लक्ष्यभन्दा बढी संकलन




**सिरहा/मस**– चालू आर्थिक वर्ष २०७६/०७७ मा सिरहामा भन्सार असुली लक्ष्यभन्दा वढी भएको छ। भन्सार कार्यालय ठाँडीले आर्थिक वर्ष सकिनु अगावै लक्ष्यभन्दा वढी राजश्व संकलन गरेको हो।

भन्सार कार्यालय ठाँडीले हालसम्म ७ करोड १६ लाख ७९ हजार भन्सार राजश्व संकलन गरेको कार्यालय प्रमुख नरेश साहले बताए । ठाँडी भन्सारबाट चालू आर्थिक वर्षमा ४ करोड ७९ लाख रुपैया' राजश्व उठाउने लक्ष्य राखिएको थियो । खाद्यन्न सामग्री आयातले राजश्व संकलनमा वृद्धि भएको प्रमुख साहले बताए।

यस्तै सिरहाको मुख्य भन्सार कार्यालय माडरले लक्ष्यभन्दा कम राजश्व असुल गरेको छ । चालु आ.व.का लागि २० करोड ३० लाख ८ हजार रुपैया' राजश्व उठाउने लक्ष्य रहेको माडर भन्सारले जेठ मसान्तसम्म १५ करोड ८ लाख ५९ हजार ६ सय ६८ रुपैयाँ संकलन गरेको छ।

भन्सारका सूचना अधिकारी सुमित गुप्ताका अनुसार मुख्य नाका भएकोले अधिकांश समय नारा बन्द हुँदा भन्सार असुली कम भएको हो। अलार महिनामा भन्सार असुली वढ्ने अनुमान गरिएको गुप्ताले बताए ।

# हिमालय एयरलाईन्स र हुवावे क्लाउडबीच सम्झौता




**काठमाडौं/मस**-हिमालय एयरलाइन्स र हुवावे क्लाउडबीच रणनीतिक सहकार्य सम्बन्धी सम्झौता भएको छ। काठमाडौं स्थित हुवावे कम्पनीको कार्यालयमा रणनीतिक सहकार्य सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर सम्पन्न भएको एयरलाइन्सले जनाएको छ। सम्झौतामा हिमालय एयरलाइन्सका अध्यक्ष झोउ इन्योङ्ग र हुवावे टेक्नोलोजिज् नेपाल प्रा.लि.का प्रमुख कार्यकारी अधिकृत डेङ्ग शुइजेनले हस्ताक्षर गरे। कार्यक्रममा नेपालकालागि चीन राजदूतावासका आर्थिक तथा वाणिज्य काउन्सेलर झाङ्ग फ्यान, तिब्बत स्वशासित क्षेत्रका वाणिज्य विभागका उपनिर्देशक वाङ्ग पिङ्ग र हुवावे टेक्नोलोजी क्लाउड र ए.आई व्यवसायिक समूह - एशियाप्रशान्त क्षेत्रको अध्यक्ष झोउ डान्जीनको भर्चुअल उपस्थिती रहेको थियो । महामारी पश्चातको अन्तर्राष्ट्रिय उड्डयन, अन्तर्राष्ट्रिय संचार र बेल्ट एण्ड रोड इनिसिएटिभ सहकार्य (बी.आर.आई) का नयाँचुनौती र परिस्थितिहरुलाई सामना गर्न यो सम्झौता वास्तवमै सक्रिय कदम रहेको भन्दै नेपालकालागि चीन राजदूतावासका आर्थिक तथा वाणिज्य काउन्सेलर झाङ्ग फ्यानले सरहाना गरे । समारोहमा हिमालय एयरलाइन्सका अध्यक्ष झोउ इन्योङ्गले हुवावेसँगको सहकार्यले कम्पनीको डिजीटल रुपान्तरण, टिकेटिङ्ग र यात्रुहरुको उडान अनुभव अनुकूल बनाउने कार्यलाई तीव्र गति दिई नेपालको सम्पूर्ण नागरिक उड्डयन क्षेत्रको समग्र विकासमा योगदान पुर्याउने विश्वास व्यक्त गरे । उनले सफ्टवेयर, उपकरण र अन्य सेवाका क्षेत्रहरुमा द्विपक्षीय सहकार्यको आधारमा यस हवाई उद्योगको प्रगतिकालागि एकजुट भई नवीनता र समाधानहरुको खोजीबाट तेश्रो पक्ष सहकार्यका लागि स्वागत समेत गरे । सूचना तथा संचार प्रविधि (आइ.सी.टी) बाट अधिकतम लाभ लिनका लागि यो सम्झौता महत्वपूर्ण हुने एयरलाइन्सले जारी गरेको बिज्ञप्तीमा उल्लेख छ । सम्झौता अनुसार हुवावेले हिमालय एअरलाइन्सलाई अझ सक्षम बनाउन यात्रुहरुलाई उत्कृष्ट टिकेटिङ बिकल्पहरु तथा यात्रा अनुभव दिने बताइएको छ। यस सम्झौताले स्मार्ट उड्डयन क्षेत्र निर्माण र बहुआयामिक हवाई संजाल प्रवर्द्धनमा सघाउने अपेक्षा एयरलाइन्सले गरेको छ। आपसी लाभ र साझा विकास प्राप्त गर्ने उद्देश्यका साथ हिमालय र हुवावेले आइ.सी.टी प्रविधिहरु (हुवावे क्लाउड र ए.आई) मा सहकार्य गर्ने एयरलाइन्सले जनाएको छ । यसमा विद्यमान आइ.सी.टी प्रविधि उपकरणहरुको मर्मत, व्यवसाय इन्टेलिजेन्स प्रणालीको विकास, हिमालयको विक्री तथा वित्त प्रणालीका लागि क्लाउड प्लाटफर्मको निर्माण गर्ने लगायतका कार्यहरु पर्ने बिज्ञप्तीमा जनाइएको छ।

# मञ्जुश्री फाईनान्सले ५० करोडको ऋणपत्र जारी गर्दै



**काठमाडौं/मस**-मञ्जुश्री फाइनान्सले १० दशमलव ५ प्रतिशत ब्याजदरमा ५० करोड रुपैयाँको ऋणपत्र जारी गर्ने भएको छ। उक्त ८ बर्षे अवधिको ऋणपत्र जारी गर्नका लागि कम्पनीले निष्काशन तथा विक्रि प्रवन्धक को रुपमा एनआईबिएल एस क्यापिटलसँग सम्झौता गरेको हो । चुक्ता पूँजी ८१ करोड ८१ लाख र १९ करोड ७२ लाख रुपैयाँ संचित कोष रहेको कम्पनीले ऋणपत्र जारी पश्चात प्राप्त पूजी वाट संस्थाको थप ब्यापार विस्तार र लगानीकर्ताको प्रतिफलमा उल्लेख्य वृद्धि गर्ने अपेक्षा गरेको छ। कम्पनीको चैत्र २०७६ सम्म ८ अर्ब १० करोड रुपैयाँ निक्षेप संकलन तथा ६ अर्ब ७० करोड रुपैयँ कर्जा लगानी गरेको छ । मञ्जुश्री फाइनान्स लिमिटेड केन्द्रिय कार्यालय, नयाँ बानेश्वर काठमाण्डौंमा रहि न्युरोड काठमाण्डौ ,नारायणगढ ,बुटवल , धनगढी , इटहरी, बिराटनगर, नेपालगञ्ज , धरान, पोखरा तथा बिरगञ्ज शाखाबाट कारोबार गरिरहेको राष्ट्रिय स्तरको वित्तिय संस्था हो ।

# साढे पाँच करोडको दही बिक्री

**काठमाडौं/मस**-दहीचिउरा खाने दिनका रुपमा हेरिएको असार १५ गते रु साढे पाँच करोडको दही बिक्री भएको छ। निजी क्षेत्रका डेरी व्यवसायी र सरकारी स्वामित्वमा सञ्चालित दुग्ध विकास संथान (डिडिसी) बाट रु पाँच करोड ४६ लाख ६० हजारको दही बिक्री भएको जनाइएको छ। निजी क्षेत्रका दूग्ध व्यवसायको संस्था नेपाल डेरी एशोसिएशनबाट देशैभर चार लाख तीस हजार लिटर दही बिक्री भएको एशोसिएशनका महासचिव प्रल्हाद दाहालले जानकारी दिए । उहाँका अनुसार बन्दाबन्दीका कारण गत वर्षको तुलनामा दहीको खपतमा कमी आए तापनि तीन गुणा बढी खपत भएको छ। “गत वर्ष असार पन्ध्रका दिन मागअनुसारको दही पुऱ्याउन एक सातादेखि मौज्दात राख्नुपर्थ्यो तर बन्दाबन्दीका कारण यसपालि धेरै माग नभएको र मागअनुसार खपतमा सहज भयो”, उहाँले भन्नुभयो । गत वर्षको तुलनामा यस वर्ष डिडिसीको दही खपतमा १० प्रतिशतले कमी आएको छ। सबैभन्दा धेरै दही काठमाडौं उपत्यकामा खपत हुँदै आएकामा बन्दाबन्दीका कारण उपत्यका छाड्नेहरु वृद्धि हुँदा खपतमा कमी आएको डिडिसीले जनाएको छ । डिडिसीका महानिर्देशक रुद्रप्रसाद पौडेलका अनुसार यस वर्ष काठमाडौं उपत्यकामा तीस हजार लिटर र बाहिर चालीस हजार लिटर गरी ७० हजार लिटर दही बिक्री भएको छ। अन्य समयमा साँझ ५ बजेसम्म खुल्ने बिक्री केन्द्र उपभोक्तालाई ध्यानमा राख्दै साँझ ७ बजेसम्म खुला गरिएको उहाँले जानकारी दिए। गत वर्ष निजी र सरकारी दुवैबाट असार १५ को दिन सात हजार लिटर दही बिक्री भएको थियो ।

# स्थानीय तहका कोरोना रोकथाम कोषमा इन्फिनिटी लघुवित्तको आर्थिक सहयोग

**काठमाडौं/मस**– ईन्फिनिटी लघुवित्तले विभिन्न स्थानीय तहका लागि ४ लाख १३ हजार रुपैयाँ सहयोग गरेको छ। कोरोना भाइरस लाग्न बाट बच्न र लागेकाहरुलाई बचाउन नेपाल सरकारले आह्वान गरे अनुसार आर्थिक सहयोग गर्ने निर्णय गरेको हो। उक्त आर्थिक सहयोग संस्थाका ४७ वटा शाखा कार्यालयहरु अवस्थित स्थानीय तह (महानगर/उपमहानगर/नगरपालिका/गाउँपालिका) ले स्थापना गरेको कारोना भाइरस संक्रमण रोगथाम, नियन्त्रण तथा उपचार कोषमा सम्बन्धित शाखा कार्यालय मार्फत उपलब्ध गराइने कम्पनीले जानकारी दिएको छ। साथै, कर्मचारी बर्गमा उत्पन्न हुन सक्ने जोखिमको आर्थिक सुरक्षण प्रदान गर्ने उद्देश्यले संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको रु. १ लाखको कोरोना भाइरस (कोभिड १९) बीमा समेत गरिएको छ । कम्पनीको उक्त कार्यबाट ग्रामीण विपन्न परिवारको आर्थिक स्तर उकास्न प्रतिबद्ध संस्थाका सबै कर्मचारीहरुको मनोवल उच्च हुने विश्वास कम्पनीले लिएको छ। संस्थाले हाल २९ जिल्लामा ६० वटा शाखा कार्यालय मार्फत ३३ हजार भन्दा बढी सदस्यहरूलाई १ अर्व ९४ करोड भन्दा बढी लघु कर्जा प्रवाह गरेको ६० करोड रुपैयाँभन्दा बढी निक्षेप जम्मा गरी लघु बिमा तथा सुरक्षण र विप्रेषण लगायतका लघु वित्त वित्तीय सेवाहरू प्रदानगर्दे आइरहेको छ।

**विज्ञापन रकम भुक्तानीबारे**
**अत्यन्त जरूरी सूचना**

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका **विज्ञापन एजेन्सी** तथा अन्य **विज्ञापनदाताहरू**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७७ असार २५ गते** भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

**लेखा शाखा**
**मध्यान्ह**
Madhyanha National Daily राष्ट्रिय दैनिक
**बागबजार, काठमाडौं, फोन नं. : ४२२६३६६, ४२२८२९८**
Email: madhyanhadaily59@gmail.com, madhyanhadaily59@yahoo.com

**विज्ञापन रकम भुक्तानीबारे**
**अत्यन्त जरूरी सूचना**

यस **मध्यान्ह मिडिया प्रा.लि.**मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका **विज्ञापनदाताहरू**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७७ असार २५ गते** भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह मिडिया प्रा.लि.** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ।

**लेखा शाखा**
**मध्यान्ह मिडिया प्रा.लि.**
**बागबजार, काठमाडौं**
**फोन नं. : ४२२६३६६, ४२२८२९८**

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**